# प्लाण्ट क्वारेण्टिन गतिबिधि
# एक झलक
# बार्षिक तथ्याङ्क पुस्तिका

**आ.ब. २०७६/७७**

**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी बिकास मन्त्रालय**
प्लाण्ट क्वारेण्टिन तथा विषादी व्यपस्थापन केन्द्र

## क्वारेण्टिन कार्यालय

काँकरभिट्टा, झापा
फोन: ०२३५६२०५७, ०२३५६३६२१
**Email: kakarbhitta@npponepal.gov.np**

# मन्तव्य

कृषिजन्य वस्तुहरुको अन्तर्राष्ट्रिय स्तरमा हुने व्यापारको माध्यमबाट देश भित्र हालसम्म नभएका रोगकीराहरुको प्रवेश हुनसक्ने भएकोले राष्ट्रले नयाँ खालका रोगकीराहरुको प्रवेश तथा फैलावटको व्यवस्थापन र नियन्त्रण गर्नुका साथै कृषि वस्तु विशेषको गुणस्तर कायम गर्नको लागि क्वारेण्टिन कार्यालयहरु सञ्चालन भएको हो ।

बिरुवा तथा बिरुवा जन्य बस्तुहरुको आयात निर्यात गर्दा हानिकारक संक्रमण रोग, किरा, झारपात आदीको प्रबेश र बिस्तार रोक्न नेपालले सन् १९६५ मा एशिया प्रशान्त क्षेत्रीय बाली संरक्षण आयोग (Asia pacific plant protection Commission, APPPC) को सदस्यता प्राप्त गरेको थियो । त्यस अनुरुप नेपालले बिरुवा संरक्षण ऐन, २०२९ र बिरुवा संरक्षण नियमावली, २०३१ जारी गऱ्यो । सोही बर्ष देखि देशको बिभिन्न ७ वटा नाकाहरुमा  क्वारेण्टिन चेक पोष्ट खडा गरी काम गर्दै आयो । यसै क्रममा झापा जिल्लाको मेचीनगर नगरपालिका, काँकरभिट्टा स्थित भारतसँग जोडिएको महत्वपूर्ण नाका भएर आयात-निर्यात हुने कृषिजन्य वस्तुहरुको नियमन गराउन २०३१ सालबाट प्लाण्ट क्वारेण्टिन चेकपोष्टको स्थापना गरी कार्य गरिरहेको छ ।

यस क्वारेण्टिन कार्यालय, काँकडभिट्टाले यस नाका भएर कुन कुन कृषिजन्य वस्तुहरु के कति परिमाणमा आयात-निर्यात भईरहेको छ र यस कार्यालयको उद्देश्य, कार्यहरु तथा प्रक्रियाहरुबारे जानकारी राख्न चाहनेहरुलाई केही हदसम्म भएपनि जानकारी दिन सकियोस् र कार्यालयको अभिलेख समेत अद्यावधिक गर्ने उद्देश्यले यस कार्यालयले प्लाण्ट क्वारेण्टिन गतिविधि एक झलक नामक पुस्तिका अभिलेखको रुपमा तयार गरी प्रकाशन गरिएको छ । यस प्रकाशनले पाठकवर्गहरुको जिज्ञासालाई सम्पूर्णरुपमा पुरा गर्न नसकेपनि केही हदसम्म पुरा गर्ला भन्ने आशा गरेको छु ।

अन्तमा, यस प्रकाशन कार्यमा सहयोग पुऱ्याउनुहुने बाली सरक्षण अधिकृत श्री शुरेश साह  लाई विशेष धन्यवाद दिन चाहन्छु । साथै सम्पूर्ण कर्मचारीमा धन्यवाद दिदै अन्त्यमा आगामी दिनमा अझ सूचनामूलक बनाउन सम्पूर्ण महानुभावहरुको उचित सल्लाह सुझावको अपेक्षा गर्दछु ।

हर्षहाङ्ग राई
बरिष्ठ वाली संरक्षण अधिकृत

## १. परिचयः

बाहिरबाट आएका वा संक्रामक रोगको संर्सगमा रहेका वा हानिकारक शत्रु जीवहरुको आश्रय हुनसक्ने सम्भावना भएका मानिस, पशु तथा बोट बिरुवाहरुलाई अलग राख्ने कार्य नै क्वारेन्टाइन हो । अर्को शब्दमा रोग वा शत्रु जीवहरु फैलिन सक्ने खतरा नरहेको यकिन नभएसम्म छुट्टै राख्नु र सिमाबद्ध गर्नु हो । क्वारेन्टाइन शब्द ल्याटिन शब्द क्वारेन्टम (Quarantum) बाट आएको हो । जसको अर्थ हुन्छ चालिस दिन । जुनबेला विश्वमा कलेरा र प्लेग जस्ता रोगको महामारी थियो त्यसबेला अन्य देशले बाहिरबाट आउने पानीजहाजलाई ४० दिन सम्म रोकेर आफ्नो निगरानीमा राख्ने गर्दथे र संक्रमण मुक्त पाइएपछि मात्र प्रवेशको लागि अनुमति दिन्थे । विरुवा तथा विरुवा जन्य उपजहरु आयात निर्यात गर्दा शत्रु जीवहरुको प्रवेश, स्थापना र फैलावट रोक्न तथा तिनीहरुको प्रभावकारी नियन्त्रणको लागि अवलम्बन गरिने बिरुवा संरक्षणका उपयूक्त कानूनी तरिकाहरु नै प्लान्ट क्वारेन्टाईन हो ।

बिरुवा तथा बिरुवा जन्य बस्तुहरुको आयात निर्यात गर्दा हानिकारक संक्रमण रोग, किरा, झारपात आदीको प्रबेश र बिस्तार रोक्न नेपालले सन् १९६५ मा एशिया प्रशान्त क्षेत्रीय बाली संरक्षण आयोग (Asia pacific plant protection Commission, APPPC) को सदस्यता प्राप्त गरेको थियो । त्यस अनुरुप नेपालले बिरुवा संरक्षण ऐन, २०२९ र बिरुवा संरक्षण नियमावली, २०३१ जारी गर्‍यो । सोही बर्ष देखि देशको बिभिन्न ७ वटा नाकाहरुमा क्वारेण्टिन चेक पोष्ट खडा गरी काम गर्दै आयो । सोही समय देखि यस कार्यालयबाट बिरुवा सवस्थ्यता प्रक्रिया सम्बन्धी कार्य गर्दै आएको छ । नेपाल बिश्व ब्यापार संगठनको १४७ औ सदस्य राष्ट्र भएपछि गरेका बिभिन्न सम्झौताहरु अनुसार Sanitary and Phytosanitary सम्झौतामा अन्तर्राष्ट्रिय स्तर अनुरुप क्वारेण्टिन प्रक्रियालाई प्रभावकारी बनाउन यसको संगठनात्मक परिबर्तन गर्‍यो । बि.सं २०६१ मा यस कार्यालयलाई क्वारेण्टिन कार्यालयको रुपमा बिकास गरी सोही अनुरुप कार्य गर्दै आएको छ । यस कायालयको कार्य क्षेत्र पुर्बाञ्चल क्षेत्रमा रहेको नाकाहरु पशुपतिनगर, भद्रपुर, गौरीगञ्ज नाकाको क्वारेण्टिन कार्यको अनुगमन तथा निरिक्षण गर्ने गरिएको छ ।

## २. उद्देश्यः

निजी क्षेत्रको उच्चतम सहभागीतामा कृषि क्षेत्रलाई उदार, प्रतिस्पर्धात्मक एवं बजारमुखी बनाउन सहजीकरण गरी आन्तरीक एवं वाह्य ब्यापारबाट प्राप्त प्रतिफललाई जनस्तरमा पुर्‍याउने, कृषि तथा वन जन्य वस्तुहरुको आयातलाई नियमन गरी कृषि विकास संग आवद्ध गर्दै निर्यात प्रवर्द्धनमा जोड दिई स्वस्थ कृषि तथा वन जन्य वस्तुहरुको कारोवारलाई प्रोत्साहन गरी कृषि क्षेत्रलाई ब्यवसायिकरण गर्न मद्दत पुर्‍याउनु नै क्वारेण्टिनको मुख्य उद्देश्य हो । क्वारेण्टिन कार्यालय, काँकरभिट्टाको निम्न उद्देश्यहरुसाथ काम गर्दै आएको छ ।

- तोकिएको मापदण्ड अनुसार स्वस्थ कृषि/वनजन्य वस्तुको ओसार-पसार गराउनु ।
- स्वस्थ र गुणस्तरीय बीउ विजनहरुको प्रवेशबाट उत्पादन वृद्धि गर्न सहयोग पुर्‍याउनु ।
- बिरुवा र बिरुवाजन्य उपजहरुको स्वस्थ्य आवागमन सुनिश्चित गर्ने
- शत्रु जिवहरुको प्रवेश, स्थापना र बिस्तारलाई नियमन गर्ने
- कृषिजन्य बस्तुहरुको व्यापार प्रबर्द्धन गर्न सहजीकरण गर्ने
- जैबिक बिबिधता संरक्षणमा टेवा पुर्‍याउने

## ३. महत्व :

आजको बिश्व बजारीकरणको समयमा गुणस्तर युक्त वस्तुहरुको उत्पादन र ओसार पसारमा क्वारेण्टिनको भूमिका झन महत्वपूर्ण हुदै गएको छ । एकातिर कृषि उत्पादन र उत्पादकत्वको आबश्यकता बढेको छ भने अर्कोतिर त्यस्ता उत्पादित वस्तुहरुको आयात, निर्यात गर्दा त्यसको स्वस्थ्यतामा ध्यान दिनु उत्तिकै आबश्यक रहेको छ । क्वारेण्टिनले कानूनी तरिकाको अवलम्बन गरी हानिकारक रोग कीरा एबं झारपातका आवागमनमा बन्देज लगाउने हुंदा गुणस्तरीय वस्तुहरुको मात्र आवागमन हुन गई राष्ट्रको पर्याबरणको जगेर्ना हुन जान्छ । बिश्व ब्यापारीकरणको कारण न्युन गुणस्तरीय वस्तुको प्रवेश रोकिन गई देश बिसर्जन स्थल (Dumping Site) बन्न बाट जोगिन्छ ।

विश्वको बढ्दो ब्यापारीकरणसंगै कृषि/वनसंग सम्बन्धित बिउ, बिरुवा र यसका उपजहरु, अध्ययन, अनुसन्धान एवं खाद्य परिपुर्तिका लागि आयात निर्यात गर्ने , उत्पादन र ब्यापार गर्ने बढ्दो प्रवृत्ति छ । देश भित्र एक स्थानबाट अर्को स्थानमा र एक देशबाट अर्को देशमा ओसार पसार गर्दा त्यसमा अन्तरनिहित शत्रुजीवहरु नविन ठाउँमा प्रवेश भई बिस्तार हुने मौका पाई सम्बन्धित देशको पर्यावरणमा नकारात्मक असर पर्ने गर्दछ । ईतिहासमा बिभिन्न बाली बिरुवाका बिभिन्न रोग कीराहरुको अत्याधिक प्रकोपले विश्वको कृषिमा महत्वपूर्ण आर्थिक नोक्सानी साथ ठूला ठूला अनिकालहरु ल्याएको छ, जसको कारणले प्लाण्ट क्वारेण्टाईनको शुरुवात र बिकास हुंदै आएको छ ।

निम्न अबस्थाहरुले गर्दा क्वारेण्टिनको भूमिका अझ महत्वपूर्ण रहेको छ ।

- विश्वको बढ्दो ब्यापारीकरण संगसंगै कृषि वन संग सम्बन्धित बिउ, बिरुवा र यसका उपजहरु अध्यन, अनुसन्धान एवं खाद्य परिपूर्तीका लागि लैजाने, उत्पादन गर्ने, ब्यापार गर्ने प्रवृति बढदै गएको
- अन्तर्राष्ट्रिय बजार विस्तार हुदैं गएको
- देशको आर्थिक तथा पर्यावरणमा हानिपुऱ्याउने बाह्य शत्रुजीवहरुको आवागमनको सम्भावना बढदै गएको ।
- विश्व बजार ब्यापारिकरणको कारण गुणस्तरहिन वस्तुहरुको प्रवेश हुनसक्ने विद्यमान जोखिम कम गर्न तथा जनताको स्वास्थ्य तथा बातावरणिय असर पार्ने त्यस्ता वस्तुको प्रबेश रोक्ने
- सुन्तलाजात फलफुलहरुको ग्रीनिङ्ग १९६५ मा भारतबाट प्रवेश गरि र आसपासका जिल्लाहरुमा फैलिएको
- आलुको एजेरु १९५४ सालतिर भारतबाट प्रवेश गरि पूर्वी नेपालका इलाम तथा अन्य जिल्लाहरुमा फैलिएको
- स्याउको स्क्याब सन् १९७० मा भारतबाट  नेपालको जुम्ला तथा अन्य आसपासका जिल्लाहरुमा फैलिएको
- काउली जातको क्लब रुट १९९५  भक्तपुर तथा मकवानपुर जिल्लाहरुमा फैलिएको
- आलुको ब्राउन रट सन् १९६५ मा भारतबाट काठमाण्डौंमा फैलिई भारी क्षति पु-याएको
- त्यसैगरी बिभिन्न समयमा भारतबाट आलुको टियुबर मोथ, गहूँको जुका (Nematode), गहूँको बन्ट (Bunt of Wheat) पश्चिम नेपालमा , अलैंचीको छिर्के फुर्के रोग हरुले प्रबेश पाई उत्पादनमा ह्रास ल्याएको छ ।

## ४. क्वारेण्टिनको कार्य क्षेत्र

क्वारेण्टिनको कार्य क्षेत्र समग्र कृषि सम्बन्धी बाली बिरुवाहरु, खाद्यान्न बाली, पुष्प बाली, फलफूल वाली, तरकारी वाली, मसला वाली, पेय वाली, वन तथा वनजन्य बिरुवाको आयात निर्यातसंग सम्बन्धित छ ।

## ५. विश्व ब्यापार संगठन र प्लाण्ट क्वारेण्टिनको बिकास

नेपाल २३ अप्रिल २००४ (बि.सं. २०६१ बैशाख ११) देखि विश्व ब्यापार संगठनको १४७ औं सदस्य राष्ट्र बन्न सफलता प्राप्त गरे सँगै उक्त संगठनको सदस्यताका लागि पूर्ब सर्तको रुपमा निर्दिष्ट पुर्बाधारहरु पुरा गर्ने प्रतिबद्धता समेत जारी गरिसकेको छ । विश्व ब्यपार संगठनको स्वच्छता र बिरुवा स्वस्थता (SPS Measures) सम्बन्धी मापदण्डको अबलम्वन गर्ने सम्झौताको अनुकूल नेपालले प्लाण्ट क्वारेण्टिन क्रियाकलापहरु अगाडी बढाउदै आएको छ । नेपालले मे ६, २००८ बाट अन्तर्राष्ट्रिय बाली संरक्षण महासन्धी (IPPC) को सदस्यता समेत प्राप्त गरिसकेको र यसै प्रयास बमोजिम प्लाण्ट क्वारेण्टिन कार्यक्रमको क्षमता सुदृढिकरण गर्ने प्रकृया जारी छ । बि.सं. २०६४ सम्म आइपुग्दा विरुवा संरक्षण ऐन, २०२९ खारेज भै विरुवा संरक्षण ऐन २०६४ र बि.सं. २०६६ माघ १८ गते देखि बिरुवा संरक्षण नियमावली २०६६, लागु भई तदनुरुप कार्यसंचालन भै रहेको छ ।

## ६. प्लाण्ट क्वारेण्टिन प्रक्रिया र बर्तमान स्थिति

कृषि तथा बन जन्य वस्तुहरुको आयात निर्यात गर्दा  बिश्व ब्यापार संगठन (WTO) को स्वच्छता तथा बिरुवा स्वस्थता सम्बन्धी सम्झौता (SPS Agreements) अन्तरगत रही कार्यबिधि तयार पारिएको छ । यस अन्तरगत कृषि जन्य बस्तुहरुको आयात निर्यातमा प्लाण्ट क्वारेण्टिन कार्यालयले सहजिकरण गर्ने  गरिन्छ । निर्यातित वस्तुहरुको लागि आवश्यकता अनुसार बिरुवा स्वास्थ्यताको प्रमाण पत्र प्रदान गरिन्छ भने आयातित वस्तुहरुको लागि पहिले प्रबेश अनुमति पत्र प्रदान गरी सोको आधारमा निर्यातित वस्तुहरुको निर्यात गर्ने देशको स्वस्थता प्रमाण पत्रको अधारमा तथा वस्तुको निरीक्षण गरी छोडपूर्जी प्रदान गरिन्छ । यसरी बिरुवा स्वास्थताको प्रमाण पत्र तथा छोडपूर्जी प्रदान गर्नु पूर्ब आवश्यकता अनुसार प्रयोगशाला परिक्षण गर्ने गरिन्छ । यसरी क्वारेण्टिन प्रक्रिया अनुसार काम गर्दा क्वारेण्टिनमा काम गर्ने कर्मचारीहरुको लागि एकातर्फ जोखिमको अवस्था छ भने अर्कोतर्फ कार्यालय समय बाहेक को समय तथा सार्बजनिक बिदामा समेत कार्यालयमा बसी काम गर्नु पर्ने बाध्यता छ । यस क्वारेन्टाईन सेवाबाट राज्यका जनता, जनावर तथा बिरुवाको स्वास्थ्यमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गरीरहेको अवस्थामा भन्सार प्रकृयामा सहजीकरण गराई कृषि ब्यापारमा प्रबर्द्धन एवं राजश्व संकलनमा समेत प्रत्यक्ष सहयोग पुगीरहेको छ । तर यसरी कार्यालय समय बाहेक तथा सार्बजनिक बिदामा कार्यसम्पादन गरे बापतको कुनै किसिमको अतिरिक्त सेवा सुबिधा क्वारेण्टिनका कर्मचारीहरुले प्राप्त गरीरहेका छैनन् जसको कारणले उनीहरु उत्प्रेरित हुने अवस्था छैन । उनीहरुलाई निरन्तर अन्य समयमा कार्य सम्पादनमा लगाउन समस्या परिरहेको अवस्था छ । यसको

प्रत्यक्ष असर कृषि तथा बन जन्य बस्तुको आयात निर्यातमा पर्न गई माथि उल्लेखित जनता, जनावर तथा बिरुवाको स्वास्थ्य तथा राजश्व संकलनमा समेत नराम्रो असर पर्दछ । त्यसैगरी बिरुवा संरक्षण ऐन २०६४ दफा ३२ अनुसार कृषि जन्य बस्तुहरुको आयात निर्यात हुंदा प्लाण्ट क्वारेण्टिन प्रक्रिया पुरा गरि भन्सार प्रक्रियामा लानुपर्ने व्यबस्था भएकोले भन्सारसँग एकआपसको सहकार्यमा मात्र काम गर्नुपर्ने अवस्थामा समानताको सिद्धान्त अनुसार क्वारेण्टिन सेवालाई पनि अतिरिक्त सेवा सुबिधा दिलाउँदा न्यायोचित हुने साथै कर्मचारीको मनोबल बृद्धि हुन गई प्रभावकारी कार्य सम्पादन हुने देखिन्छ ।

## ७. प्लाण्ट क्वारेन्टिन प्रक्रिया

कृषि तथा बन जन्य वस्तुहरुको आयात निर्यात गर्दा बिश्व ब्यापार संगठन (WTO) को स्वच्छता तथा बिरुवा स्वस्थता सम्बन्धी सम्झौता (SPS Agreements) अन्तरगत रही कार्यबिधि तयार पारिएको छ । यस अन्तरगत कृषि जन्य वस्तुहरुको आयात निर्यातमा क्वारेण्टिन कार्यालयले सहजिकरण गर्ने गरिन्छ ।

### ७.१. पैठारी प्रबेश अनुमती पत्र लिनुपर्ने

बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कन्ट्रोल एजेन्ट, लाभदायक कीरा वा बिरुवा हुर्कने माध्यम जस्तै माटो, झ्याउ, पीट आदि पैठारी गर्न चाहने व्यक्ति वा संस्थाले दुई सय रुपैया निबेदन दस्तुर संलग्न गरी प्रबेश अनुमती पत्र प्राप्त गर्न कार्यालय प्रमुख समक्ष निम्न कागजात संलग्न गरी अनुसूची १ बमोजिम ढाँचामा निबेदन दिनु पर्छ । प्रबेश नाकामा रु. एक हजार दस्तुर लिई प्रबेश अनुमती पत्र दिन सकिन्छ ।

**संलग्न कागजातहरु**

- पैठारी कर्ताको नागरीकताको प्रमाणपत्र वा राहदानीको प्रतिलिपी
- संस्थाको नामबाट पैठारी गर्न चाहनेले त्यस्तो संस्था दर्ता र नविकरण गरेको प्रमाणको प्रतिलिपि
- पैठारी गरिने वस्तु अग्रिम बिलबिजक (परफर्मा इन्भ्वाइस) को प्रतिलिपि
- बिउ बिजन पैठारी गरिने भए बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको सिफारिश
- अनुसंन्धानको लागी पैठारी गरिने भए अनुसन्धान गर्ने ब्यक्ति वा संस्थाको अनुरोध पत्र र नेपाल कृषि अनुसन्धान परिषद्बाट गरेको सिफारीश

### ७.२. प्रबेश नाकामा अनुमती लिने

कुनै ब्यक्ति वा संस्थाले बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कन्ट्रोल एजेन्ट, लाभदायक कीरा वा बिरुवा हुर्कने माध्यम जस्तै माटो, झ्याउ, पीट आदि नेपालमा पैठारी गर्ने गरी प्रबेश नाकामा ल्याई त्यस्ता वस्तुको क्वारेण्टाईन प्रक्रिया पुरा गरी नेपाल भित्र प्रबेश गराउन चाहेमा त्यसरी ल्याएका वस्तु नेपालमा प्रबेश अनुमतीका लागि अनुसुची ८ बमोजिम ढाँचामा प्रज्ञापन पत्र भरी कार्यालय समक्ष पेश गर्नु पर्दछ ।

**संलग्न कागजातहरु**

- पैठारी प्रबेश अनुमतीपत्र
- पैठारी प्रबेश अनुमतीपत्र लिदा आबश्यक पर्ने कागजातहरु
- निकासी गरिने मुलुकबाट जारी भएको बिरुवा स्वास्थ्यता प्रमाणपत्र

प्रज्ञापन पत्रको साथमा आएका कागजात हेरी प्रबेश अनुमती दिनु पूर्ब पैठारी गरीने वस्तुको आबश्यक नमूना लिई स्वस्थता परीक्षण गर्न प्रयोगशाला पठाउने । प्रयोगशाला परीक्षण बाट स्वस्थ्य भएको पाइएमा नेपाल भित्र प्रबेशको लागी अनुसुची ९ बमोजिम छोडपूर्जी दिने ।

**७.३.स्वस्थ्यता प्रमाण पत्र लिने**

स्वस्थ्यता प्रमाणपत्र लिन चाहने व्यक्ति वा संस्थाले दोहायका कागजात संलग्न गरी निकासीको लागि भए रु. एक सय र पुनः निकासीको लागि रु. दुई सय दस्तुर सहित अनुसूची १० बमोजिमको ढाँचामा कार्यालय प्रमुख समक्ष निबेदन दिनु पर्ने छ ।

**संलग्न कागजातहरु**

- निकासी गरिने वस्तुको उत्पत्तिको प्रमाणपत्र
- वन पैदावर भए वन बिभागबाट जारी भएको छोड पूर्जी
- पुरातत्वीक  महत्वका वस्तुहरु भए पुरातत्व बिभागका सिफारिश पत्र
- निकासी गरिने वस्तुको बिल बिजक (इन्भ्वाइस)
- पुनः निकासी गरिने भए पैठारी गर्ने मुलुकले जारी गरेको पैठारी अनुमतीपत्र
- पुनः निकासी गरिने वस्तुको हकमा नेपालमा पैठारी गरिदा पेश भएको स्वस्थ्यता प्रमाण पत्रको प्रतिलिपि
- निकासी गर्ने व्यक्तिको आधिकारिक परिचयपत्र वा संस्थाले निकासी गर्ने भए त्यस्तो संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि र त्यस्तो कामका लागि कसैलाई खटाएको भए त्यसरी खटाएको पत्र ।

यी कागजात अनुसार प्राप्त निबेदनको आधारमा जाँचबुझ र परीक्षण पश्चात निबेदकलाई निकासीको लागि अनुसूची ११ र पुनः निकासीको लागि अनुसुची १२ अनुसारको स्वस्थ्यता प्रमाणपत्र दिनेछ ।

**७.४. तोकिएको क्वारेण्टिन निरिक्षकबाट निरिक्षण गर्ने**

बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कन्ट्रोल एजेन्ट, लाभदायक कीरा वा अन्य वस्तु शत्रु जीवबाट संक्रमित भएको छ छैन भनी कन्साइमेन्टमा रहेको वस्तु, त्यस्ता वस्तु रहेको झोला, पोका, प्याकेट, त्यसका लागि प्रयोग भएका वस्तु, त्यस्तो वस्तु राखेको कन्टेनर तथा ढुवानीको साधनको निरीक्षण गर्दछ । कन्साइनमेन्टमा भएको वस्तुको आवश्यक नमूना लिई परीक्षणको लागि प्रयोगशाला पठाउँछ ।

**परीक्षण गर्ने**

- सामान्य परीक्षण
- धोएर परीक्षण
- छानेर परीक्षण
- सूक्ष्मदर्शक यन्त्रबाट परीक्षण
- एक्स-रे परीक्षण
- इन्क्युबेशन परीक्षण
- रोपेर गरिने परीक्षण

**उपचार गर्ने**

- धुमिकरण उपचार
- भौतिक बि
- धिबाट उपचार
- रसायन बिधिबाट उपचार

**८. क्वारेण्टिन नियमन प्रक्रियामा देखिएका समस्याहरु र गर्नुपर्ने कामहरु :**

कृषि जन्य वस्तुको ब्यापारमा आउन सक्ने सम्भाब्य बिबाद निरुपणका लागि निम्न आवश्यक पूर्बाधारहरु विकसित गर्दै लानु पर्दछ ।

## ८.१ समस्याहरुः

- जनचेतनामूलक कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन हुन सकेको छैन ।
- सरोकारवाला निकाय (भन्सार, गैह्र सरकारी, उत्पादक, आयात निर्यातकर्ता, सुरक्षा निकाय, स्थानीय प्रशासन आदी) हरु बिच स्थानीय तथा केन्द्रीय स्तरमा समन्वयको कमी जसले गर्दा चोरी निकासी बढ्ने तथा जथाभावी रुपमा कृषि वस्तुहरुको आयात निर्यात हुने गरेको छ ।
- बर्तमान ऐन र नियमावलीमा  धेरै कुराहरु समाबेश हुनु नसकेकाले आबश्यक मापदण्डहरुको कृषि वस्तु आयात गर्न कठिनाई भएको छ ।
- ऐनमा उल्लेखित सबै कृषि बस्तुहरुको भन्सार प्रक्रिया गराए पनि क्वारेण्टिन प्रकृयामा आउन नसक्नु
- प्याकेजिङ्ग वस्तुहरुको क्वारेण्टिन प्रक्रिया गराउनु पर्छ भन्ने नबुझ्नु तथा निरीक्षण/परीक्षण नहुनु ।
- सानो परिमाणमा आउने वस्तुहरुको नियमन गर्न ऐन नियमावलीमा आबश्यक सुधार नहुनाले कठिनाई भएको ।
- कृषि जन्य सबै वस्तुहरुको पेष्ट जोखिम बिश्लेषण (PRA) नहुनाले निर्यात गर्न कठिनाई भएको छ ।
- क्वारेन्टाइन कार्यालय नभएका नाकाहरुबाट क्वारेण्टिन प्रक्रिया नभई कृषि जन्य वस्तुहरुको आयात हुनु ।
- खुल्ला सिमानाका कारण बाट चोरी निकासी बढ्नु ।

- बारम्बार सरुवा प्रकरणले क्वारेण्टिन प्रक्रियाको लागि काम गर्ने दक्ष कर्मचारीहरुको कमी हुनु ।
- क्वारेण्टिन प्रयोगशाला सञ्चालन तथा ब्यबस्थापन गर्न दक्ष कर्मचारी नहुनु, तालिम नहुनु ।
- श्रोत साधनको अपर्याप्तता कारण बाट आबश्यक क्वारेण्टिन कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नसक्नु ।
- आन्तरीक क्वारेन्टिनको व्यबस्था तथा कार्यबिधिको अभावले राष्ट्रिय क्वारेण्टिन कार्यक्रम प्रभावकारी नहुनु ।
- गुणस्तरीय वस्तुहरुको उत्पादन नहुनाले त्यस्ता वस्तुहरुको निर्यातमा समस्या हुनु ।

**८.२ गर्नुपर्ने कामहरु**

कृषि जन्य वस्तुको ब्यापारमा आउन सक्ने सम्भाव्य बिबाद निरुपणका लागि निम्न आवश्यक पुर्बाधारहरु बिकसित गर्दै लानु पर्दछ ।

- क्वारेण्टिन चेकपोष्ट नभएका नाकाहरुबाट आयातित वस्तुहरुलाई निरुत्साहीत गर्न थप चेकपोष्टहरुको स्थापन गर्नु पर्ने हुन्छ ।
- स्तरिय सेवा प्रदान गर्न प्रयोगशाला सुदृढीकरण एबं कर्मचारीहरुको दक्षता अभिबृदि गर्न तालिम तथा पुनरताजगी तालिमको ब्यबस्था गर्ने ।
- ऐन तथा नियमावलीहरुलाई समय सापेक्ष परिमार्जन गर्दै लाने ।
- संगठनात्मक सुधार गर्ने
- प्रभावकारी रुपमा ऐन, नियमावली आवलम्वन गर्न केन्द्र र स्थानीय स्तरमा अन्तरनिकाय समन्वय समितिको ब्यबस्था गर्ने
- क्वारेण्टिनका सबै निकायहरु एक छाता प्रणाली (one umbrella system) भित्र ल्याउनु पर्छ ।
- ब्यबसायिक बालीहरुको क्षेत्र निर्धारण गर्ने ।
- Endangered area, Area of low pest prevellance and pest free area घोषणा गर्ने ।
- अनुगमन कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक श्रोत साधन (सवारी साधन, जनशक्ती, बजेट) को ब्यबस्था गर्ने ।
- भन्सार सरहको समय तालिका मा क्वारेण्टिन कर्मचारीहरुले कामगर्नु पर्ने भएकोले समान भत्ताको ब्यबस्था गर्नु पर्ने हुन्छ ।
- कृषि बस्तुहरुलाइ प्लाण्ट क्वारेण्टिन कार्यालयबाट नेपाल भित्र प्रबेश गर्ने अनुमती प्राप्त भए पछि मात्र सम्बन्धित भन्सार कार्यालयले भन्सार सम्बन्धी प्रक्रिया अगाडी बढाउन सहयोग गर्ने ।

**९. आ.व. २०७६।७७ मा यस कार्यालयबाट सम्पादन भएका मुख्य मुख्य कामहरु**

**९.१. बाली संरक्षण कार्यक्रम अन्तरगतका कार्यक्रमहरु**

**९.१..१. बिरुवा स्वस्थ्यताको प्रमाण पत्र बितरण तथा प्रतिबेदन तयार :**

आ.व.२०७६।७७ मा यस नाकाबाट निकासी हुने बस्तुहरुमा मुसुरोको दाल, अदुवा, अम्रिसो, बन्दा, जडिबुटी, wheat bran (चोकर) तथा हरियो तरकारी मुख्य छन् । यी मध्ये मुसुरोको दाल, केही मात्रामा अदुवा तथा चोकर बंगलादेश निर्यात भएका हुन् भने बाँकी भारत निर्यात भएको छ । यसको पूर्ण विवरण यस सँग संलग्न आयात निर्यात प्रतिबेदनमा उल्लेख गरेको छ । यस आ.व.मा बिभिन्न कृषि जन्य बस्तुहरुको निकासी हुंदा जम्मा २२२९ वटा बिरुवा स्वस्थ्यता प्रमाण पत्र वितरण गरेको छ ।

### ९.१.२. पैठारी अनुमती पत्र बितरण तथा प्रतिबेदन तयार :

आ.व. २०७६।७७ मा काँकरभिट्टा नाकाबाट पैठारी भएका कृषि जन्य वस्तुहरुमा, ताजा तरकारीहरुमा काउली, बन्दा, काँक्रा फर्सी, घेरौला, हरियो खुर्सानी, लौका, करेला, गाजर, मुला, परवल, गोलभेडा, भण्टा आदी छन्, ताजा फलफुलहरुमा अनारस, स्याउ, सुन्तला, आंप, कागती, अनार, तरबुजा, अंगुर, काँचो कटहर, आदी छन्, खाद्यान्नमा धान, कोदो, मकै छन्, त्यसरीनै आलु प्याज, गेडागुडी, च्याउको बिउ, मकैको बिउ आदी पैठारी भएका छन् । यी वस्तुहरुको नियमानुसार पैठारी अनुमती पत्र प्रदान गरी आबश्यक परिक्षण प्रक्रिया पुरा गरे पछि मात्र प्रबेश अनुमतीको लागि नियमानुसार छोडपूर्जी प्रदान गरिएको छ । यसको पूर्ण विवरण यस सित संलग्न आयात निर्यात प्रतिबेदनमा उल्लेख गरेको छ । यस आ.व.मा यी वस्तुहरु पैठारी गर्दा जम्मा २६७३ संख्यामा अनुमतीपत्र प्रदान गरिएको छ ।

### ९.१.३. कार्यक्षेत्र अन्तर्गतका नाकाहरुमा कृषिजन्य बस्तुहरुको आयात निर्यात अनुगमन र निरिक्षण :

आ.व. २०७६।७७ मा यस क्षेत्र अन्तरगत पर्ने खुला नाकाहरु गलगलिया, भद्रपुर, गौरीगञ्ज र पशुपति नगरको बिभिन्न समयमा निरीक्षण अनुगमन गरियो । यस नाकाबाट आयात हुने प्रमुख वस्तुहरुमा, धान, आलु, परवल, हरियो खुर्सानी, भिण्डी, करेला, केरा, कोदो, आदी छन् । त्यसैगरी, अलैची, पिना, अदुवा, अम्रिसो, रुद्राक्ष, चिराइतो, मजिठो, तेजपात, गहूँको चोकर, तेजपातको बोक्रा, अन्य जडीबुटी, चिया, रिठा आदी निर्यात भएका छन् । यस नाकाबाट, आयात हुने वस्तुहरुमा, खाद्यान्नमा धान, मकै, कोदो, चामल, मसला बालीमा अदुवा, लसुन, फलफुलमा स्याउ, केरा, कागती, इमली अंगुर, बिउबिजन, आलु प्याज, हरियो खुर्सानी, गोलभेडा, आदी छन् । यि नाकाहरुबाट नियमानुसार नै यि बस्तुहरु आयात निर्यात भएका छन् । भद्रपुर, पशुपतीनगर नाकाबाट पनि बिभिन्न तरकारी फलफुलहरु आयात गरिने गरेको पाइएको छ । यी नाकाहरुमा कृषि जन्य बस्तुहरुको ओसार पसार हुने क्रम बढी रहेकोले अस्थाई भएपनि चेकपोष्ट स्थापना गर्नुपर्ने आबश्यकता छ ।

**नाका अनुगमन निरिक्षण प्रतिबेदन**

| सि.नं. | अनुगमन गरेको स्थान | समस्या | सुझाव |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | भद्रपुर | क्वारेण्टिन बारे अनभिज्ञ, जन चेतना को अभाव, चेकपोष्ट नभएको | चेक पोष्टको स्थापना हुनुपर्ने, प्रचारप्रसार, सरोकारवालाहरुलाई जनचेतना अभिबृद्धि कार्यक्रम |
| २ | गौरीगंज | क्वारेण्टिनबारे अनभिज्ञ, जन चेतना को अभाव, चेकपोष्ट नभएको | चेक पोष्टको स्थापना हुनुपर्ने, प्रचारप्रसार, सरोकारवालाहरुलाई जनचेतना अभिबृद्धि कार्यक्रम |
| ३ | पशुपतिनगर | क्वारेण्टिनबारे अनभिज्ञ, जन चेतना को अभाव, चेकपोष्ट नभएको | चेक पोष्टको स्थापना हुनुपर्ने, प्रचारप्रसार, सरोकारवालाहरुलाई जनचेतना अभिबृद्धि कार्यक्रम |
| ४ | नकलबन्दा | क्वारेण्टिनबारे अनभिज्ञ, जन चेतना को अभाव, | प्रचारप्रसार, सरोकारवालाहरुलाई जनचेतना अभिबृद्धि कार्यक्रम |

**९.१.४. आयात निर्यात गरिने बस्तुहरुमा प्रयोगशाला परिक्षण :**

आ.व.२०७६।७७ मा आयात भएका बस्तुहरु मध्ये जम्मा २५४ संख्यको नमुना संकलन गरी विभिन्न माध्यम प्रयोग गरि प्रयोगशाला परिक्षण गरियो । यसरी संकलित नमूनाहरुलाई प्राविधिकहरुबाट परीक्षण गरिन्छ । प्रमुखतः आँखाले हेरेर परीक्षण गरिएको छ ।

**९.१.५. प्लाण्ट क्वारेण्टिन सरोकारवाला, समन्वय बैठक :**

आ.व. २०७६।७७ मा सरोकारवालाहरु सँग समन्वयात्मक बैठक बसी समसामयिक बिषयहरुमा क्वारेण्टिन सँग सम्बन्धित बिषय अन्तरगत यसलाई प्रभावकारी बनाउन बिभिन्न छलफलहरु गरेको छ । बिरुवा संरक्षण ऐन तथा नियमावली अनुसार कृषिजन्य वस्तुहरुको आयात निर्यात गर्ने, क्षतीपूर्ति सहित को नागरिक बडापत्रमा उल्लेख भए अनुसारको कागजात अनिवार्य रुपमा पेश गरी सोही अनुसार काम गर्ने, नमूना संकलन तथा परिक्षण अनिवार्य रुपमा गर्ने जस्ता निर्णयहरु भए । यस निर्णयलाई लागु गर्न सबै सरोकारहरु सँग समन्वयात्मक भूमिका यस कार्यालयले खेलेको छ । यस प्रकारको बैठकहरुले

क्वारेण्टिन कार्यक्रमको प्रभावकारीता बढेको मात्र नभई आयात निर्यात कर्ताहरुले क्वारेण्टिन प्रक्रिया पुरा गरेर मात्र आयात निर्यात गर्ने गरेकोले स्वस्थ्य कृषि ब्यबसायलाई सेवा टेवा पुगेको छ ।

# १०. क्षतिपुर्ति सहितको नागरिक वडापत्र

नेपाल सरकार
कृषि तथा पशुपन्छी बिकास मन्त्रालय
प्लाण्ट क्वारेण्टिन एवं विषादी व्यवस्थापन केन्द्र
## क्वारेण्टिन कार्यालय, काँकरभिट्टा

| सि.नं. | सेवाको प्रकृति | सेवाग्राहीले पुऱ्याउनु पर्ने प्रक्रिया र पेश गर्नुपर्ने कागजातहरु | लाग्ने शुल्क वा दस्तुर | लाग्ने समयावधी | सेवा प्रदान गर्ने जिम्मेवार कर्मचारी, शाखा, फांट र कार्यकक्ष | गुनासो सुन्ने पदाधीकारी, पद र नाम समेत | क्षतीपूर्ति रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | बिरुवा तथा बिरुवा जन्य उपजको आयात अनुमती पत्र | • रु १० को टिकट टांसेको निबेदन<br>• तोकिए बमोजिम भरेको फारम<br>• चलानी वा बिजक<br>• आयात अनुसंन्धान संग संबन्धीत छ भने संबन्धीत पक्ष संग भएको सम्झौता पत्र<br>• कम्पनी र फर्म दर्ता प्रमाणपत्र<br>• कर दर्ता प्रमाणपत्र<br>• सम्बन्धीत देशबाट जारी गरेको स्वस्थता प्रमाणपत्र | २००।- | कन्साइन्मेन्ट अनुसार | १) वाली संरक्षण अधिकृत<br>२) प्राविधिक सहायक | बरिष्ठ वाली संरक्षण अधिकृत | १०००।- | स्थलगत निरिक्षणको लागि वा प्रयोगशालामा कन्साइन्टमेण्ट लानुपर्ने भएमा प्राबिधिकको भ्रमण खर्च तथा प्रयोगशाला खर्च संबन्धीत आयातकर्ताले व्यहोर्नुपर्ने |
| २ | बिरुवा तथा बिरुवा जन्य उपजको आयात अनुमती पत्र नबिकरण | • रु १० को टिकट टांसेको निबेदन<br>• आयात नहुनाको कारण देखीने प्रमाण | ४००।- | कन्साइन्मेन्ट अनुसार | १) वाली संरक्षण अधिकृत<br>२) प्राविधिक सहायक | बरिष्ठ वाली संरक्षण अधिकृत | १०००।- | |
| ३ | नकामा ल्याइसकेको कन्साइनमेन्टलाई छोडपूर्जि दिने | • रु १० को टिकट टांसेको निबेदन<br>• तोकिए बमोजिम भरेको फारम<br>• चलानी वा बिजक<br>• आयात अनुसंन्धान संग संबन्धीत छ भने संबन्धीत पक्ष संग भएको सम्झौता पत्र<br>• कम्पनी र फर्म दर्ता प्रमाणपत्र<br>• कर दर्ता प्रमाणपत्र<br>सम्बन्धीत देशबाट जारी गरेको स्वस्थता प्रमाणपत्र | १०००। - | कन्साइन्मेन्ट अनुसार | १) वाली संरक्षण अधिकृत<br>२) प्राविधिक सहायक | बरिष्ठ वाली संरक्षण अधिकृत | १०००।- | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | बिरुवा तथा बिरुवा जन्य उपजको स्वस्थता प्रमाण पत्र | • रु १० को टिकट टासेको निबेदन<br>• तोकिए ढंचामा उपलब्ध गराएको फारम भर्ने<br>• प्याकेजिङ्ग लिष्ट<br>• बिजक<br>• रसिद वा एल.सि.खोलिएको बैंकको पत्र<br>• उत्पतिको पमाणपत्र<br>• पुरातत्व संबन्धी बस्तुहरुको लागि पुरातत्व बिभागको सिफारिस<br>• बन संबन्धी बस्तुहरुको लागी जिल्ला वन कार्यालयको सिफारिस<br>• अनुसंन्धान सामाग्रीको हकमा जुन देशमा लानु पर्ने हो त्यस देशको अनुसंन्धान संस्थाले सो सामाग्री भित्र्याउन दिएको अनुमती वा सम्झौता पत्र<br>• कम्पनी वा फार्म दर्ता प्रमाणपत्र , कर दर्ता प्रमाणपत्र | १००। - | कन्साइन्मेन्ट अनुसार | १) वाली संरक्षण अधिकृत<br>२) प्राविधिक सहायक | बरिष्ठ वाली संरक्षण अधिकृत | १०००। - | स्थलगत निरिक्षणको लागि वा प्रयोगशालामा कन्साइन्टमेण्ट लानुपर्ने भएमा प्राबिधिकको भ्रमण खर्च तथा प्रयोगशाला खर्च संबन्धीत निर्यातकर्ताले व्यहोर्नुपर्ने |
| ५ | पुनः निकासी प्रमाण-पत्र | • उत्पत्ति गर्ने मुलुकको उत्पत्तिको प्रमाण-पत्र<br>• विरुवा स्वस्थ्ताको प्रमाण-पत्र<br>• Pakaging Materials को अवस्था | २००।- | कन्साइन्मेन्ट अनुसार | १) वाली संरक्षण अधिकृत<br>२) प्राविधिक सहायक | बरिष्ठ वाली संरक्षण अधिकृत | १०००। - | स्थलगत निरिक्षणको लागि वा प्रयोगशालामा कन्साइन्टमेण्ट लानुपर्ने भएमा प्राबिधिकको भ्रमण खर्च तथा प्रयोगशाला खर्च संबन्धीत निर्यातकर्ताले व्यहोर्नुपर्ने |

- जेष्ठ नागरीक तथा अपाङ्गलाई प्रथमिक्ता दिइने छ।
- लोडसेडिङ्ग वा अन्य काबु बाहिरको परिस्थिति आएमा तोकिएको समय भित्र जानकारी गराइने छ र क्षतिपुर्ति दिइने छैन।

## ११. आर्थिक विवरण

नेपाल सरकार
कृषि तथा पशपन्छी बिकास मन्त्रालय
क्वारेण्टिन कार्यालय, काँकरभिट्टा
**आ.व. २०७६/७७ को बार्षिक निकासा तथा खर्च विवरण**

| कार्यक्रम | बजेट शिर्षक नं. | | बार्षिक रु. हजारमा | | | कैफियत |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | | स्विकृत बार्षिक बजेट | निकासा | खर्च | |
| बाली संरक्षण कार्यक्रम | ३१२११२३ | चालु खर्च | ५८३४ | ५८०७ | ५८०७ | |
| | ३१२११२४ | पूँजीगत् खर्च | २२४० | १२७६ | १२७६ | |


## १२. राजस्व बिवरण

नेपाल सरकार
कृषि तथा पशुपन्छी बिकास मन्त्रालय
प्लाण्ट क्वारेण्टिन एवं विषादी व्यवस्थापन केन्द्र
क्वारेण्टिन कार्यालय, काँकरभिट्टा
आ.व. २०७६/७७ को बार्षिक राजश्व विवरण

| अवधी | आम्दानीको बर्गिकरण | राजस्व शिर्षक नं. | राजस्व रकम रु. | कैफियत |
| --- | --- | --- | --- | --- |
| प्रथम चौमासिक | आयात निर्यात इजाजत दस्तुर | १ - ४ - २ - २ - ६ | ३६६.८ | |
| द्धितिय चौमासिक | आयात निर्यात इजाजत दस्तुर | १ - ४ - २ - २ - ६ | ३३४.३ | |
| तृतिय चौमासिक | आयात निर्यात इजाजत दस्तुर | १ - ४ - २ - २ - ६ | १२४.२ | |
| जम्मा | | | ८२५.३ | |

## क्वारेन्टीन कार्यालय, काँकरभिट्टा

कर्मचारी संगठान्त्मक ढाँचा




### ३. जनशक्ती विवरण

नेपाल सरकार
कृषि तथा पशुपन्छी बिकास मन्त्रालय
प्लाण्ट क्वारेन्टिन एवं विषादी व्यवस्थापन केन्द्र

## क्वारेण्टिन कार्यालय, काँकरभिट्टा

| क.सं. | प्द | श्रेणी | स्वीकृत दरबन्दी | कार्यरत | रिक्त /बढी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ब.वा.सं.अ. | रा.पं.द्धि.प्रा. | १ | १ | - | |
| २ | वा.सं.अ. | रा.पं.तृ.प्रा. | २ | १ | १ | |
| ३ | प्रा.स. | रा.पं.अनं.प्र.प्रा. | १ | १ | | |
| ४ | स.ले.पा. | रा.पं.अनं.द्धि.प्र. | १ | १ | | |
| ६ | खरदिार | रा.पं.अनं.द्धि.प्र. | १ | १ | | |
| ७ | कार्यालय सहयोगी | पांचौ स्तर | २ | २ | १ | १ जना करारमा |
| जम्मा | | | ८ | ७ | २ | |

## १४. कर्मचारी विवरण

नेपाल सरकार
कृषि तथा पशुपन्छी बिकास मन्त्रालय
प्लाण्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र

### क्वारेण्टिन कार्यालय, काँकरभिट्टा

### हाल कार्यालयमा कार्यारत कर्मचारीहरुको विवरण

| क्र. सं. | कर्मचारीको नाम | ठेगाना | पद | कर्मचारी संकेत नं. | शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|---|---|
| १ | श्री हर्षहाङ्ग राई | माङ्सेवुङ्ग ५, इलाम | ब.वा.सं.अ. | १९५०३९ | M.Sc.Ag. | |
| २ | श्री सुरेश कुमार साह | मिथिला नगर पालिका-८, धनुषा | वा.सं.अ. | १४२०८४ | JTA Training | |
| ३ | श्री ...................... | - | वा.सं.अ. | - | – | रिक्त |
| ४ | श्री चन्देश्वर ठाकुर | सबैला नगरपालिका ११ धनुष | प्रा.स. | १५३०८९ | J T Training | |
| ५ | श्री मुकुन्द शिवाकोटी | मेचीनगर-६, झापा | खरिदार | १९७५३४ | Bachelor | |
| ६ | श्री सविन सिग्देल | मेचीनगर-१३, झापा | सह लेखापाल | २१८७६१ | Bachelor | |
| ७ | श्री जित बहादुर खड्का | मेचीनगर-६, झापा | का.स. | ९३५१५ | Literate | |
| ८ | श्री चुडामणि पोखरेल | मेचीनगर-६, झापा | ,, | | ,, | करार |

## १५. हाल सम्मको कार्यालय प्रमुख हरुको बिवरण

| क्र स | कार्यालय प्रमुखको नाम | पद | जिम्मेवारी अवधि |
|---|---|---|---|
| १ | सिता सरण यादव | प्राविधिक सहायक | २०३५ साल देखि २०३८ साल सम्म |
| २ | लक्ष्मण सिह कार्की | प्लान्ट क्वारेन्टाइन अधिकृत | २०३८ साल देखि २०४० साल सम्म |
| ३ | सुरोज पोख्रेल | प्लान्ट क्वारेन्टाइन अधिकृत | २०४१।०९।२९ देखि २०४४।०७।१९ सम्म |
| ४ | सिता सरण यादव | प्लान्ट क्वारेन्टाइन | २०४३ साल देखि २०४५ साल सम्म |

| | | | |
|---|---|---|---|
| | | अधिकृत | |
| ५ | राम लक्ष्मण प्रसाद शाह | प्लान्ट क्वारेन्टाइन अधिकृत | २०४५ साल देखि २०४८ साल सम्म |
| ६ | गिरिधारी यादव | प्राविधिक सहायक | २०४८ साल देखि मिति २०५१।११।१९ सम्म |
| ७ | अरुण घिमिरे | प्लान्ट क्वारेन्टाइन अधिकृत | २०५१।११।२० देखि २०५६।०७।३० सम्म |
| ८ | सुख देव मैनाली | प्लान्ट क्वारेन्टाइन अधिकृत | २०५६।०८।०४ देखि २०५९।०२।२१ सम्म |
| ९ | राम लक्ष्मण प्रसाद शाह | प्लान्ट क्वारेन्टाइन अधिकृत | २०५९।०२।२६ देखि २०६१।१०।०१ सम्म |
| १० | बद्री बिशाल कर्माचार्य | बरिष्ठ प्लान्ट क्वारेन्टाइन अधिकृत | २०६१।१०।०३ देखि २०६२।१०।२५ सम्म |
| ११ | सुख देव मैनाली | बरिष्ठ प्लान्ट क्वारेन्टाइन अधिकृत | २०६२।१०।२६ देखि २०६६।०१।०६ सम्म |
